**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 23.06.2024**

---

**Mangan Ration Supply**

लगातार आएको भारी वर्षाका कारण सम्पर्क बिहिन बनेको अप्पर जङ्गुमा सांकलाङबाट निर्मित नयाँ जिप लाइनको माध्यमद्वारा राशीन पानी पुऱ्याउने काम भएको छ। यसैक्रममा, उत्तर जिल्ला प्रशासनले यहाँबाट मानिसहरूको आवतजावतका निम्ति बाँसको पुल निर्माण गरिरहेछ। सीमा सड़क संगठन (BRO)-अनुसार लोवर जङ्गुबाट भएर आउने सड़क मार्ग पनि ङन गाउँ र लिङदोङमा गएको व्यापक पैह्रोका कारण अवरूद्ध बनेको छ, जसलाई पुनर्वहाल गर्न अझ केहि दिन लाग्नेछ।

मंगनका जिल्ला नागरिक आपूर्ति अधिकारी श्री पाल्देन लाचुङपाले आकासवाणी गान्तोकलाई जानकारी दिनुभएअनुसार तिङभोङ र साक्योङ-पेन्तोङ यी दुईवटा GPU-का निम्ति तिङभोङ र अप्पर जङ्गुमा छह सय कुइन्टल चामल अघावै भण्डारण गरिसकिएको छ, जुन यस वर्षको दिसम्बर महिनासम्मका निम्ति

पऱ्याप्त छ। जङ्गुका रहल भागका निम्ति राशीनको आपूर्ति मंगन खाद्य गोदामबाट गरिँदैछ। जून महिनासम्मका निम्ति खाद्यानको आपूर्ति भइसकेको बताउँदै श्री लाचुङपाले हालै अविरल वर्षाका कारण भएको अवस्थापछि गत सप्ताह राङराङ-ब्रिङबोङ, हिग्याथाङबाट राशीन आपूर्ति गरिसकेको र रहल आपूर्ति सांकलाङस्थित जिप लाइनको माध्यमबाट गरिने बताउनुभयो।

उहाँले भन्नुभयो, चुङथाङमा पनि जून महिनासम्मका निम्ति खाद्यान्न वितरण भइसकेको छ र यहाँ सितम्बर महिनासम्म पुग्ने चार सय सत्तरी कुइन्टल राशन भण्डारण गरिसकिएको छ। यसैगरी लाचुङका निम्ति भण्डारण गरिएको सात सय कुइन्टल राशन दिसम्बर महिनासम्मका निम्ति पऱ्याप्त छ।

लाचेनका निम्ति भने एक सय बीस कुइन्टल राशन भण्डारण गरिएको बताउँदै यो केवल एक महिनासम्म पुग्ने पनि उहाँले जानकारी गराउनुभयो। उहाँले भन्नुभयो, यद्यपि, मौसम सफा भएको खण्डमा भू-राजस्व एवं आपदा प्रबन्धन विभागसितको सहकार्यमा भोली पाकिम विमानास्थलबाट हवाइमार्ग भएर चामल र अन्य आवश्यक सामग्रीहरू लाचेन पुऱ्याउने योजना रहेको छ।

--------------------------------------X--------------------------------------

- **CM Meets with Central Leaders**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज नयाँ दिल्लीस्थित गृह मामिला मन्त्रालयको कार्यालयमा श्री अमित साहसित भेट गर्दै दोस्रोपल्ट केन्द्रिय गृह मन्त्री बनेकोमा सिक्किमवासीको तर्फबाट बधाई दिनुभयो।

श्री तामाङले उहाँको नेतृत्वमा भएको उल्लेखनीय उपलब्धिमाथि प्रकाश पार्दै भविष्यमा अझ धैरै उपलब्धी हासिल गर्ने आशा व्यक्त गर्नुभयो।

मुख्यमन्त्रीले गत वर्षको अक्टोबर तीन तारिकको राती सिक्किममा आएको विनाशकारी जलप्रलयपछि श्री शाहले पुऱ्याएको सहयोगका निम्ति कृतज्ञता व्यक्त गर्नुभयो। श्री तामाङले उहाँले राष्ट्रिय आपदा प्रतिक्रिया कोषबाट तत्काल कोष जारी गरेकोमा पनि धन्यवाद व्यक्त गर्नुभयो, जुन तत्काल राहत र पुनर्स्थापनाका लागि महत्त्वपूर्ण थियो।

मुख्यमन्त्रीले अन्तरमन्त्रालयीय केन्द्रिय टोलीले गरेको द्रुत मूल्याङ्कनका लागि गृहमन्त्रीलाई धन्यवाद पनि दिनुभयो। उहाँले प्रकोप पछिको आवश्यकता मूल्याङ्कन प्रतिवेदनबारे छलफल पनि गर्नुभयो, जसबाट व्यापक पुनरूद्धारका लागि आवश्यक कोषको रूपरेखा तयार पार्न सहज हुन्छ, जुन रिपोर्ट गृह मामिला मन्त्रालयलाई बुझाइएको छ।

क्षतिग्रस्त पूर्वाधारको स्थायी पुनर्स्थापनाका निम्ति निरन्तर सहयोगको आवश्यकताबारे प्रकाश पार्दै मुख्यमन्त्रीले अतिरिक्त अनुदान जारी गरिदिन गृहमन्त्रीलाई अनुरोध गर्नुभयो।

यसअघि मुख्यमन्त्रीले लोकसभा अध्यक्ष श्री ओम बिरला र केन्द्रिय संसदीय मामिला एवं अल्पसंख्यक मामिला मन्त्री श्री किरेन रिजिजुसित पनि भेट गर्नुभयो।

भेट अवधि मुख्यमन्त्रीले श्री रिजिजुलाई हालै सम्पन्न चुनाउपछि केन्द्रिय मन्त्रीको पदमा पुन नियुक्त हुनुभएकोमा बधाई दिँदै सफल एवं प्रभावकारी कार्यकालको निम्ति शुभकामना व्यक्त गर्नुभयो।

केन्द्रिय मन्त्रीले मठ विद्यालयहरूको स्तरोन्नतिका निम्ति आफ्नो समर्थनको आश्वासन दिँदै गुम्बाहरूको चरणबद्ध रूपमा विकास गर्ने प्रस्ताव राख्नुभयो। उहाँले सिङताम अस्पतालसहित सामाजिक कल्याणका योजनाको राशी उपलब्ध गराउने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो।

-------------------------------------X-------------------------------------

- **Olympic Day**

खेलकुद एवं युवा मामिला विभाग मन्त्री श्री राजु बस्नेतले जोड़ दिँदै भन्नुभयो, ओलम्बिक आन्दोलनको उद्देश्य सिक्किमबाट केवल ओलम्बियनहरू उत्पाद गर्नुमात्र होइन तर प्रत्येक राज्यवासीलाई योग्य र स्वस्थ रहनका निम्ति अघि आउन प्रोत्साहित गर्नु हो। उहाँले सिक्किमवासीलाई ओलम्बिक आन्दोकनमा सहभागि बन्न प्रोत्साहित गर्नुभयो।

पाल्जोर स्टेडियमको सम्मेलन कक्षमा आयोजित अन्तरराष्ट्रिय ओलम्पिक दिवसलाई सम्बोधन गर्दै श्री बस्नेतले भन्नुभयो, सिक्किम क्रान्तिकारी मोर्चा सरकारले विगत पाँच वर्षमा राज्यमा

थाँतिमा रहेका खेल पूर्वाधारहरूको कार्य पूरा गर्नका साथै नयाँ पूर्वाधार र सुविधाहरू स्थापित गरेको छ। उहाँले भन्नुभयो, राज्य सरकार राज्यमा खेलकुदको क्षेत्रमा अधिक विकास र प्रगतिको प्राथमिकताका साथ धेरै कार्य गर्न प्रतिबद्ध छ। खेल मन्त्रीले भन्नुभयो, सरकारको उद्देश्य सिक्किमबाट राष्ट्रिय र अन्तरराष्ट्रिय स्तरमा गुणस्तरीय खेलाड़ीहरू जनाउने पनि हो। उहाँले तरूणदिप राई ओलम्बिकमा चौथोपल्ट चयन भएकोमा खुशी व्यक्त गर्दै पेरिस ओलम्पिकका निम्ति बधाई दिनुभयो।

सिक्किम ओलम्पिक संगठनले आज अघि बढ़ौं अनि पालन गरौं अर्थात Let’s Move & Celebrate विषयमा रहेको यस वर्षको अन्तरराष्ट्रिय ओपलम्पिक दिवस विभिन्न खेलकुद गतिविधि, अभिनन्दन र रक्तदान कार्यक्रमका पालन गऱ्यो। यस अवसरमा पाल्जोर स्टेडियम परिसर, ह्वाइट हल परिसर, TNA swimming pool र खेलगाउँ रेशिथाङ जस्ता स्थानहरूमा विभिन्न गतिविधि र प्रतियोगिताहरू आयोजन गरियो।

पाल्जोर स्टेडियमको सम्मेलन कक्षमा आयोजित सानो कार्यक्रममा संगठनले नागाल्याण्डमा सम्पन्न तेस्रो उत्तरपूर्वि खेलमा पदक

विजेता सिक्किम कन्टिन्जेन्ट र गोवामा सम्पन्न राष्ट्रिय खेलकुदका पदक विजेताहरूलाई अभिनन्दन जनायो।

---------------------------------------x---------------------------------------